२०७९ चैत्र १० काठमाण्डौ

**सङ्क्रमणकालीन न्याय कानुन संशोधनका लागि विधेयकका सम्बन्धमा मिति २०७९ चैत्र १० गते काठमाण्डौमा आयोजित द्वन्द्वपीडितहरूको राष्ट्रिय परामर्शद्वारा पारित काठमाण्डौ घोषणापत्र**

२०७९ साल असारमा नै पीडित लगायतका सरोकारवालाहरूले गम्भीर असहमति जनाएका प्रावधानहरूलाई जस्ताको तस्तै राखेर मिति २०७९ फाल्गुन २५ गते नेपाल सरकारले पीडित समुदायको प्रमुख चासो, सहकार्य र सहभागितालाई पूर्ण रूपमा बेवास्ता गर्दै संसदमा दर्ता गरेको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ संशोधनसम्बन्धी विधेयकमा भएका त्रुटीपूर्ण तथा न्यायको मर्मलाई नै आघात पार्ने प्रावधानहरूप्रति हामी द्वन्द्वपीडितहरूको गम्भीर आपत्ति रहेको छ ।

यस अघिको सरकारले गत असारमा संशोधन विधेयकलाई संसदमा दर्ता गर्नु अघि कानुन, न्याय तथा संसदीय मन्त्रालयद्वारा सातै प्रदेश र काठमाण्डौंमा समेत आयोजना गरिएको परामर्श कार्यक्रमहरूमा हामी पीडित र नागरिक संघ संस्थाहरूले सहभागिता जनाई सर्वोच्च अदालतको फैसला र अन्तर्राष्ट्रिय कानुनबमोजिम हुनेगरी ऐनमा समावेश गरिनुपर्ने महत्त्वपूर्ण बुँदाहरूलाई सुझावका रूपमा प्रस्तुत समेत गरेका थियौं।

यद्यपि, ती सबै सुझावहरूलाई अनदेखा गरी सरकारले त्यसबेला संसदमा पेश गरेको विधेयकमा हामीले हाम्रा मागसहित विधेयकलाई सुधार गर्ने सवालमा चारमहले दस्तावेज समेत बुझाएका थियौं। संसदीय समितिमा छलफलकै चरणमा रहेको अवस्थामा संसद्को समयावधि गत मंसिरमा सम्पन्न निर्वाचनका कारण समाप्त भएपछि उक्त विधेयक अगाडि बढ्न सकेको थिएन।

अहिले नया संसदको निर्वाचन भएको तीन महिलनापछि सरकारले पुनः सोही त्रुटीपूर्ण विधेयकमा केही झिनो संशोधन गरी संसदमा छलफलका लागि चैत्र ५ गते पेश गरेको छ। बिशेष अदालतको फैसलाउपर सर्वोच्च अदालतमा ३५ दिनभित्र पुनरावेदन गर्न सकिने, महान्यायधिवक्ताले मुद्दा चलाउने निर्णय गर्ने हदम्याद ६ महिनाबाट बढाएर एक बर्ष बनाइएको, आयोगको अवधि २ वर्ष बनाइएको तर थप्ने ब्यबस्था नभएको, मुद्दा चलाउने वा नचलाउने निर्णय उपर आधार र कारण खुलाउनुपर्ने गर्ने बाहेक पीडित समुदायले व्यक्त गरेका प्रमुख चासोलाई पूर्णतया बेवास्ता गरिएको छ।

सरकारले पीडित र अन्य सरोकारवालहरूको सहकार्य र सहभागितालाई बेवास्ता गर्दै अन्य कैयौ महत्त्वपूर्ण र बिबादास्पद बुँदा जस्ताको तस्तै राखेर पुनः त्यही विधेयक प्रकृया अघि बढाएको छ । मानवअधिकारको गम्भीर उल्लङ्घनअन्तर्गत यस अघिकै क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको, जबर्जस्ती करणी, जबर्जस्ती व्यक्ति बेपत्ता पार्ने कार्य, अमानवीय वा क्रुरतापूर्वक दिएको यातना प्रावधानलाई यथावत राखेको छ। हत्या, अङ्गभङ्ग वा अपाङ्ग बनाउने, यौनजन्य हिंसा, अपहरण जस्ता अपराधलाई भने मेलमिलाप र क्षमादान हुने प्रकृतिको मानवअधिकार उल्लङ्घनको सूचीअन्तर्गत राखिएको छ। उल्लङ्घनको यस्तो त्रुटीपूर्ण वर्गिकरणप्रति हाम्रो गम्भीर आपत्ति रहेको छ। मानवअधिकारको गम्भीर उल्लङ्घनको दायरालाई यसरी निकै साँघुरो पारिएको छ जुन हाम्रा लागि स्वीकार्य छैन ।

त्यस्तै आयोगको कार्यअवधि एक वर्षबाट बढाएर दुई वर्ष बनाइएको छ र आयोगले कथंकदाचित आफ्नो काम फत्ते नगरेको अवस्थामा कार्यावधि थप्ने कुनै व्यवस्था राखिएको छैन । तर साठी हजार बढी उजुरीको छिनोफानो दुई वर्षमा सम्पन्न गर्ने

वश्वसनीय आधार, संरचना, एकाई, विज्ञ, जनशक्ति तथा सहकार्य बारे केही उल्लेख गरिएको छैन। २०७४ सालमा कार्यान्वयनमा आएको कानुन भूतलक्षी प्रभाव नहुने व्यवस्था गरिएको मुलुकी अपराध संहिताबमोजिम द्वन्द्वकालीन घटनामा अभियोजन गर्ने भनिएको छ।

गत असारमा सरकारले दर्ता गरेको विधेयकप्रति पीडित समुदायले गम्भीर आपत्ति जनाएका प्रावधानहरू  सरकारले सुधार्ने स्वीकार गरेको थियो तर अहिले त्यसबाट पूर्णतः पछि हटेर सरकारले फेरी उही प्रतिगामी न्याय विवरोधि प्रावधानसहितको बिधेयकलाई संसद्मा प्रस्तुत गरेको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ संशोधनसम्बन्धी विधेयकमा रहेका ब्यवस्था तथा संशोधन बिधेयकमा तत्काल परिमार्जन गरी संशोधन गर्नुपर्ने बिषयहरूका सम्बन्धमा मिति २०७९ चैत्र १० मा काठमाण्डौमा आयोजित द्वन्द्व पीडितहरूको राष्ट्रिय परामर्शद्वारा यस काठमाण्डौ घोषणापत्र तयार गरी हामी पीडित समुदायका तपसिल बमोजिमका गम्भीर सरोकारहरू सार्वजनिक गरेका छौँ।

१. संक्रमणकालीन न्याय समाधानमा कुन मार्गचित्र अंगाल्ने, कहिले कसले के के गर्ने भन्ने समय तालिका नै नभएको सन्दर्भमा पीडित लगायतका सरोकारवालाहरूको सहकार्यमा समयसीमासहितको संक्रमणकालीन न्याय निरुपणसम्बन्धी स्पस्ट मार्गचित्र र ठोस कार्ययोजना बनाउनुपर्दछ। उक्त मार्गचित्र र कार्ययोजनालाई सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता, अपनत्व र सहकार्यमा मात्र कार्यान्वयन गर्नुपर्दछ। पीडित समुदायका दैनिकी, औषधोपचार तथा तात्कालीन आवश्यकताहरूको सम्बोधनका कार्यक्रम तत्काल लागु गर्नुपर्दछ।

२. सबै पक्षका सवालहरू सम्बोधन हुने गरी अन्तर्राष्ट्रिय मानवअधिकार कानून, पीडित र सरोकारवालासँगको परामर्श, सर्वोच्च अदालतको परमादेशबमोजिम ऐन संशोधन गर्नुपर्दछ र द्वन्द्वकालीन यातना, जबर्जस्ती बेपत्ता जस्ता कार्यलाई अपराधिकरण गर्ने कानुन बनाउनुपर्दछ। पीडितलाई न्यायबाट वञ्चित गर्ने, जघन्य अपराधका पीडकलाई उन्मुक्ति दिने आपत्तिजनक प्रावधान तत्काल सच्याउन, सर्वोच्च अदालतको परमादेश तथा पीडितहरूसँग गरिएको परामर्शबाट प्राप्त हुन आएका सुझावका आधारमा विधेयकलाई तत्काल संशोधन गर्न, समग्र प्रकृयालाई विश्वसनीय, पारदर्शी र पीडित केन्द्रित बनाउन हामी सरकारसमक्ष जोडदार माग गर्दछौं। त्यस्तै संक्रमणकालीन न्याय प्रक्रियालाई लैंगिक संबेदनशील, पीडित मैत्री, गोपनीय तथा सुरक्षित बनाउन पनि हामी माग गर्दछौं  बलात्कारका घटनाहरूको आयोगमा उजुरी नपरेका र अन्य छुटेका उजुरीलाई पनि ग्रहण गर्न र उजुरी हाल्ने क्रमदेखि न्याय निरुपणसम्मको क्रममा सुक्षाको ग्यारेन्टी सहित लैंगिकमैत्री विशेष संयन्त्रको व्यव्था कानुनमा गर्न, हरेक प्रक्रियामा पीडित समुदायको विश्वास र सहभागिता सुनिश्चित गरी पीडित समुदायको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्न र फेरी नदोहोरिने प्रत्याभूती गर्नका लागि ठोस कदम चाल्न आग्रह गर्दछौँ।

३. विधेयकले मेलमिलाप र क्षमादान नहुने भन्दै गम्भीर उल्लङ्घन अन्तर्गत "क्रूर यातना दिई निर्ममतापूर्वक ज्यान मारेको, क्रूर र अमानवीय यातना, बलात्कार र जबर्जस्ती बेपत्ता पार्ने कार्यहरू मात्र राखेको छ।। विधेयकमा मानवअधिकार उल्लङ्घनलाई गम्भीर मानवअधिकार उल्लङ्घन र अन्य मानवअधिकार उल्लङ्घनअन्तर्गत राखिएका उल्लंघनका सूचीहर उपर द्वन्द्व पीडित समुदायको गम्भीर असहमति रहेको छ। हत्या, कुटपिट गर्ने, अङ्गभङ्ग वा अपाङ्ग बनाउने, जबर्जस्ती विस्थापन, व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने, गैर कानुनी थुनामा राख्ने, अपहरण तथा शरीर बन्धक बनाउने र अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानुन विपरित गरिएका अन्य जुनसुकै अमानवीय कार्यलाई समावेश गरिएको छ। मानवअधिकारको गम्भीर उल्लङ्घनको स्पष्ट परिभाषा र

मापदण्डसमेत व्यवस्था गरिएको छैन । तसर्थ विधेयकमा मानवअधिकारको गम्भीर उल्लंघन र मानवअधिकार उल्लंघनलाई पुनर्परिभाषित गर्नुपर्दछ । निःशस्त्र व्यक्ति तथा नियन्त्रणमा लिइएको जुनसुकै व्यक्तिको हत्या, बलात्कार तथा गम्भीर प्रकृतिका यौन हिंसा, जबर्जस्ती व्यक्ति बेपत्ता पार्ने कार्य तथा यातना, अङ्गभङ्ग वा अपाङ्ग बनाउने कार्य मानवअधिकार उल्लंघनको गम्भीर उल्लङ्घन अन्तर्गत राखिनु पर्दछ ।

४. सङ्क्रणकालीन न्याय प्रकृयाले सफलताको लागि कानुनी बैधता मात्र नभएर सामाजिक बैधता समेत पाउनुपर्दछ। योग्यता, अनुभव र मार्गचित्रका आधारमा स्पष्ट मापदण्ड, पारदर्शी र विश्वसनीय प्रक्रियाद्वारा सक्षम व्यक्तिहरू छनौट गरी विश्वसनीय, सक्षम र स्वतन्त्र आयोग गठन गर्नुपर्दछ। सरकारले आयोगलाई आवश्यक पर्ने साधनश्रोत, विज्ञ र जनशक्ति तथा आवश्यक संरचनाको व्यवस्था तत्काल गर्नुपर्दछ। आयोग गठनका लागि गरिएको व्यवस्था समस्यामूलक भएको विगतको अनुभवले सिद्ध गरिसकेको छ। राजनीतिक दलको प्रतिनिधिको बहुमत हुने गरी तय गरिने सिफारिस समितिको संरचनामा संशोधन गर्नु पर्दछ। पूर्व प्रधान न्यायाधीश, मानवअधिकार आयोगको प्रतिनिधित्व यथावत राखी सर्वोच्च अदालतको पुर्वन्यायाधीश एवम् पीडित समुदायको प्रतिनिधित्व हुने गरी सिफारिस समिति बनाउनुपर्दछ | सिफारिस समितिको स्वतन्त्रता, निष्पक्षता एवम् विश्वसनीयता सुनिश्चित गर्नुपर्दछ। स्पष्ट मार्गचित्र, विश्वसनीय र पारदर्शी प्रक्रिया, योग्यता र मापदण्डका आधारमा स्वतन्त्र, सक्षम र निष्पक्ष आयोग गठन गर्नुपर्दछ |

५. आयोगहरूले हरेक क्रियाकलापमा पीडित समुदायसंग सहकार्य गर्नुपर्छ। आयोगहरूले निर्धक्क र निष्पक्ष भएर बिना दबाब सत्य अन्वेषण गर्ने, सबैले उसलाई सहयोग गर्ने एवम् आयोगले पनि सरकारलाई त्यसरी नै सिफारिस गर्ने वातावरण निर्माण गरिनुपर्दछ। आयोगका नीति नियम, निर्देशिका, संरचना निर्माण गर्दा पीडित समुदायको अर्थपूर्ण परामर्श र सहभागिता सुनिश्चित गर्नुपर्दछ। पीडित समुदायको पीडा र भावनालाई आत्मसात गर्दै आयोगले गर्ने व्यवहारमा संवेम्बेदनशीलता हुनुपर्दछ, भावनात्मक रूपमा पीडितको मन जित्नुपर्दछ र मनोसामाजिक परामर्शको व्यवस्था समेत गर्नुपर्छ।

६. पीडित तथा साक्षीको गोपनियता तथा संरक्षण, दसीप्रमाण, बयान आदिको सुरक्षा र गोपनीयताका विश्वसनीय उपायहरूको अवलम्बन गर्नुपर्दछ। आयोगको प्रतिवेदन तथा सिफारिस सरकारले प्राथमिकता र इमान्दारिताका साथ कार्यान्वयन गर्नुपर्दछ। महिला, यौनजन्य हिंसामा परेका महिलाहरूको सुरक्षा, गोपनियता, उपचार लगायतका प्रावधानको व्यवस्था गर्नुपर्छ।

७. पीडित समुदायको सहकार्यमा पीडित समुदायका साझा र विशेष आवश्यकता तथा अधिकार सुनिश्चित गरी अल्पकालीन देखि दीर्घकालसम्मको विस्तृत पारिपूरण नीति निर्माण गरी, तीन तहको सरकार, द्वन्द पीडित समुदाय ] लगायतका सरोकारवालाहरुसँगको सहकार्यमा कार्यान्वयन गर्नुपर्दछ।

८. सङ्क्रमणकालीन न्याय आयोग ऐन, २०७१ मा रहेको बेपत्ताको परिभाषा हटाइएकोमा बेपता पार्ने कार्यको परिभाषालाई संशोधन बिधेयकमा समावेश गरिनुपर्दछ।

९. आयोगले गर्ने मानवअधिकार हनन् अनुसन्धानले के कति प्रमाण सङ्कलन गर्न सक्छ र उक्त अनुसन्धान नै अभियोजनका लागि पर्याप्त हुन्छ भन्ने प्रश्न उब्जिएको छ। न त आयोगमा बिशिष्ट अनुसन्धान एकाई राखिएको छ न त

महान्यायाधिवक्ताले थप आवश्यक अनुसान्धान गर्ने व्यवस्था गरिएको छ। आयोगको कमजोर अनुसन्धन र कमजोर दसि प्रमाणकै आधारमा मुद्दा चलाउदा पीडकको फौजदारी जवाफदेहिता वहन गराउने सम्भावना निकै कमजोर रहन्छ। ।तसर्थ आयोग वा महान्यायाधिवक्ता कार्यालयअन्तर्गत फौजदारी अनुसन्धान गर्ने व्यवस्था गर्नुपर्दछ। आयोगले अभियोजनका लागि सिफारिस गरेको र त्यसउपर थप अनुसन्धान गर्नुपर्ने अवस्थामा उक्त अनुसन्धान एक वर्ष भित्र सम्पन्न हुन नसकेमा अभियोजन गर्नका लागि थप समय उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

१०. विधेयकमा पीडकलाई प्रचलित कानुनबमोजिम दण्डसजाय गर्ने कुरा लेखिएको छ। तर द्वन्द्वकालमा घटेका यातना र बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी अपराधहरू अपराधको रूपमा परिभाषित छैनन्। प्रचलित कानुन भनेको विद्यमान अपराध संहिता हो । २०७५ सालमा कार्यान्वयनमा आएको यस कानुनको भूतलक्षी प्रभाव नहुने व्यवस्था रहेकोले द्वन्द्वकालीन घटनामा अभियोजन हुनसक्ने नै देखिन्न। उक्त पश्चातदर्शी प्रावधान द्वन्द्वकालीन घटनाको सन्दर्भमा लागु नहुने व्यवस्था संक्रमणकालीन न्यायसम्बन्धी ऐनमा समावेश गर्नुपर्दछ।

११. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनअन्तर्गतका कसुरसंग सम्बन्धित मुद्दाको कारबाही र किनारा गर्न न्याय परिषद्को सिफारिसमा तीन सदस्यीय एक विशेष अदालत गठन गर्ने व्यवस्थामा संशोधन गरी संविधानमा रहेको उच्च अदालत गठन प्रक्रिया बमोजिम नै संक्रमणकालीन न्याय विशेष अदालत गठन गर्ने व्यवस्था गर्नुपर्दछ।

१२. अभियुक्तले सत्यतथ्य खुलाएको, क्षतिपूर्ति तिर्न राजी भएको, उल्लङ्घन हुँदाको सन्दर्भ, सङ्क्रमणकालीन न्यायको सिद्धान्त लागयतका आधारमा अभियोजन गर्दाको बखतामगर्दाको बखतमागर्दाको बखताम र सजाय निर्धारण गर्दासमेत घटी सजाय गर्नुपर्ने भनीभनी भनी निस्वतन्त्र विशेष अदालतलाई नै निर्देशषनिर्देशषनिर्देशष र हस्तक्षेप गर्न खोजिएको छ। यसलाई संशोधन गरी दण्ड सजायकोदण्ड सजायकोदण्ड सजायको निर्धारण गर्ने न्यायालययको न्यायको स्वतन्त्र अधिकार सुनिश्चित गर्नुपर्दछ।

१३. विस्तृत शान्ति सम्झौता पश्चात् ल्याण्ड माइन, बारुदी सुरुंग, बम बिष्पोटमा परि पीडित भएका पीडितहरूको उपचार, औषधो शोधोपचार, राहात, क्षतिपूर्ति तथा परिपूरणको ब्यबस्था गर्नुपर्दछ।

१४. गम्भीर मानवअधिकार उल्लङ्घनमा आरोपितहरूलाई सार्वजनिक पदहरूमा नियुक्ति, पस्थापन वा पदोन्नति गर्ने तथा अन्तर्राष्ट्रिय मिसनहरूमा सिफारिस गर्ने क्रममा *भेटिङ्ग*को प्रकृया अवलम्वन गरेर मात्र निर्णय गर्ने गराउने व्यवस्था लागू गर्नुपर्दछ ।

१५. सशस्त्र द्वन्दका कारण पीडित बन्न पुगेका सबै पक्ष तथा समुदायका पीडा र अन्यायका सवाल तथा अधिकारहरु निष्पक्ष, समानता तथा समावेशिताको भावना अनुरुप सम्बोधन गर्ने र शान्ति प्रक्रिया सफल निष्कर्षमा पुर्याउने ठोस कदम चाल्नुपर्दछ |

१६. संक्रमणकालीन न्याय प्रक्रियाको प्रमुख सरोकारवाला पीडित समुदायको सरोकार र सहकार्यलाई आत्मसात गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो र चिन्ताको विषय रहेको यस संशोधन विधेयकलाई संसदको संसदीय समिति

प्रणालीअन्तर्गत पीडितलगायतका सरोकारवालासँग अर्थपूर्ण परामर्श गरी संक्रमणकालीन न्यायसँग सम्बन्धित सर्वोच्च अदालतका आदेश तथा अन्तर्राष्ट्रिय मापदण्डहरू समेत अनुकूल हुने गरी त्रुटीपूर्ण प्रावधानहरू सच्याएर मात्र पारित गर्न सरकार एवं सत्तारुढ, प्रतिपक्षी तथा अन्य राजनीतिक दल र संसदसमक्ष हामी द्वन्द्व पीडित समुदाय जोडदार माग गर्दछौं।

अन्त्यमा, द्वन्द पीडित समुदायका सत्य, न्याय र परिपूरण अधिकार एवम् फेरी द्वन्द र मानब अधिकार उल्लंघन नहुने सुनिश्चितता गर्ने विस्तृत शान्ति सम्झौताको महत्वपूर्ण प्रावधान र प्रतिवद्धता कार्यान्वयन गर्न सरकार र राजनैतिक दलहरुले आलटाल गरिरहेको सन्दर्भमा राज्यको यस दायित्व उपर गम्भीर, सम्बेदनशील र जवाफदेही बन्नका लागु सरकार एवम् सम्पूर्ण  राजनैतिक दलहरुसँग पुन: जोडदार माग गर्दछौं | साथै, राष्ट्रिय मानव अधिकार आयोग, सम्पूर्ण नागरिक समाज तथा मानवअधिकार समुदाय, सञ्चार जगत, अन्तर्राष्ट्रिय समुदायप्रति द्वन्द्व पीडित समुदायको न्यायप्रतिको नैसर्गिक अधिकार सुनिश्चित गराउन र सो को लागि विश्वसनीय प्रक्रिया अवलम्बन गर्नका लागि विगतमा जस्तै ऐक्यबद्दता एवम् सहकार्यका लागि हामी द्वन्द्व पीडित समुदाय हार्दिक अपील गर्दछौं।

**हस्ताक्षरकर्ताहरू**

१. बालकृष्ण श्रेष्ठ, पर्सा
२. राज कुमार वली, सुर्खेत
३. गोमा कुमारी बस्याल, रूपन्देही
४.पार्वती सिग्देल, नवलपरासी
५. भरत बोहोरा, डोटी
६. लेखनाथ अधिकारी, माडि, चितवन
७. कल्याण बुढाथोकी, रामेछाप
८. दिपक मल्ल, कैलाली
९. दामोदर चापागाईं, इलाम
१०. हरिप्रसाद रूपाखेती, धादिङ
११. आशा कुमारी चौधरी, कैलाली
१२. शितल सिं राठोर, कैलाली
१३. जनक राउत, कपिलवस्तु
१४. पर्शुराम कोइराला, धादिङ
१५. बद्री बहादुर के.सी., बागलुङ
१६. बिमला देवी, जनकपुर
१७. मैना कार्की (रावल), जाजरकोट
१८. राम लखन कलवार, कपिलवस्तु
१९. नविन रिजाल, दैलेख
२०. सुरेन्द्र खत्री, म्याग्दी
२१. दुदराज अधिकारी, पोखरा, कास्की
२२. लक्ष्मी कोइराला, गोरखा
२३. सुशिला चौधरी, दाङ्ग
२४. गोपाल बहादुर शाह, बर्दिया
२५. चन्द्रकला उप्रेती, बाँके
२६. कल्पना ढकाल (राई), उदयपुर
२७. देवी खड्का, दोलखा
२८. रूपेश शाह, सुनसरी
२९. सुमन अधिकारी, लमजुङ
३०. भोजराज तिमिल्सिना, आछाम
३१. सृजना श्रेष्ठ, काठमाडौं
३२. उदय कुमार साह, सिरहा
३३. शान्ता सेढाईं, धादिङ्ग
३४. खुसि कर्ण, जनकपुर